# नेपाल कम्युनिष्ट पार्टी (एमाले)
## Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office


१० भदौ २०७९

# प्रेस विज्ञप्ति

नेकपा (एमाले) केन्द्रीय कमिटीको चौथो पूर्ण बैठक अध्यक्ष क. केपी शर्मा ओलीको अध्यक्षतामा शुक्रबारदेखि पार्टी कार्यालय च्यासल, ललितपुरमा शुरू भयो ।

बैठकमा पार्टी अध्यक्ष कमरेडले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । बैठकमा प्रस्तुत १९ पृष्ठ लामो प्रतिवेदनमा भूराजनीतिक बहाव र सिर्जित नयाँ चुनौती, गठबन्धन सरकारको एक वर्ष र चौतर्फी संकट, अवसरवाद र लोकतन्त्रमाथि चुनौतीलगायत समसामयिक, वर्तमान राष्ट्रिय राजनीतिक लगायतका विषयहरू उल्लेख गरिएको छ ।

प्रतिवेदनमा प्रस्तुत गरिएको छ– "सरकारले आरम्भदेखि नै संविधानको मर्ममाथि एकपछि अर्को प्रहार गर्दै आयो । नेकपा (एमाले) विभाजनका लागि गत वर्ष भदौमा ल्याइएको दुराशययुक्त अध्यादेशले गठबन्धन कसरी लोकतन्त्रमाथि प्रहार गर्न उद्यत् छ भन्ने स्पष्ट हुन्छ । प्रधानन्यायाधीशलाई निलम्बित गर्ने मात्रै मनशायका साथ गत २०७८ फागुन १ गते ल्याइएको महाअभियोग प्रस्तावलाई ६ महिनासम्म अल्झाएर प्रतिनिधिसभाको अवधि सकिने बेलामा मात्रै प्रस्ताव महाअभियोग सिफारिस समितिसमक्ष पठाउने कुराले गठबन्धन कसरी महाअभियोगको अस्त्रमार्फत् स्वतन्त्र न्यायपालिकामाथि हस्तक्षेप गर्न, संवैधानिक अङ्गहरूमाथि भयदोहन गर्न र तर्साउन चाहन्छ भन्ने पुष्टि भएको छ । निर्वाचनको मिति घोषणा भइसकेपछि पनि निर्वाचनलाई प्रभावित गर्ने गरी संसदमा विभिन्न विधेयकहरू प्रस्तुत गर्ने र जबर्जस्ती पारित गराउने काम आदिले यो सरकार संसदीय लोकतन्त्रका आधारभूत मान्यता, मूल्य र आदर्शलाई कुल्चिन अग्रसर रहेको स्पष्ट हुन्छ ।"

"लोकतन्त्रको पहिलो मान्यता भनेकै फरक विचार या मतलाई स्वीकार्नु, त्यसलाई सम्मान गर्नु र त्यससँग स्वस्थ प्रतिस्पर्धा गर्न तयार हुनु रहनु हो । फरक मान्यतालाई अस्वीकार गर्नु लोकतान्त्रिक आचरण होइन । तर गठबन्धन


तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

यसलाई स्वीकार्दैन । फरक मतलाई शत्रुताका रूपमा लिने, प्रतिपक्षसँग मुठभेड र निषेधको व्यवहार गर्ने, राष्ट्रिय सरोकारका गम्भीर प्रश्नहरूमा कुनै संवाद एवं परामर्श नगर्ने, राज्यसत्ताको दुरूपयोग गर्ने एवं स्वस्थ प्रतिस्पर्धालाई अस्वीकार गर्ने बाटो लिइरहेको छ । राज्यका हरेक संस्थालाई दुरूपयोग, दोहन र हस्तक्षेप गर्ने र सेटिङमार्फत् आफ्ना स्वार्थहरूको पूर्ति गर्ने बाटो हिंडिरहेको छ । यसो गरेर हरेक संस्थालाई अकर्मण्य, पङ्गु र आफ्ना स्वार्थहरूको साधक बनाउने खतरनाक योजनाका साथ अगाडि बढिरहेको छ ।"

"यो सरकार आएसँगै अर्थतन्त्रका सबै सूचकहरू ऋणात्मक र जोखिमको बिन्दुमा पुगेका छन् । इतिहासकै पहिलो पल्ट कूल राष्ट्रिय बजेटभन्दा बढी व्यापार घाटा भएको छ । विदेशी मुद्रा सञ्चिति इतिहासकै न्यून बिन्दुमा झरेको छ । मासिक १० प्रतिशत पुँजीगत खर्च गर्ने भनेर धाक लगाइरहेको सरकारले यस वर्ष ५७ प्रतिशत मात्रै पुँजीगत खर्च गर्नसकेको छ । मुद्रास्फीतिले दोहोरो अङ्क छुन थालेको छ भने इन्धन, खाद्य वस्तु, लत्ता कपडालगायत दैनिक उपभोग्य वस्तुमा आकाशिँदो मूल्य बृद्धिले सर्वसाधारण आक्रान्त बन्न पुगेका छन् । महामारी सामान्य बन्दै गएको अवस्थामा समेत आर्थिक बृद्धि न्यून छ भने रोजगारीका अवसरहरू झनै साँघुरिँदै गएका छन् । भुक्तानी असन्तुलन ह्वात्तै बढेको छ । बैंकहरूमा तरलताको अभावले व्यवसायीहरू ठूलो मर्कामा परेका छन्"– प्रतिवेदनमा उल्लेख छ ।

बैठकमा केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष क. अमृतकुमार बोहोरा, अनुशासन निरी क्षण आयोगका अध्यक्ष क.केशव बडाल, लेखापरीक्षण आयोगका अध्यक्ष क. डा. पुष्पराज कँडेल, निर्वाचन आयोगका अध्यक्ष क. डा. विजय सुब्बाले आ–आफ्ना आयोगका प्रतिवेदनहरू प्रस्तुत गर्नुभयो । त्यस्तै पार्टी उपाध्यक्ष तथा स्थानीय तह निर्वाचनका सम्बन्धमा गठित छानवीन कार्यदलका संयोजक क. बिष्णुप्रसाद पौडेलले प्रतिवेदनबारे जानकारी गराउनुभयो ।

बैठकमा प्रतिनिधिसभा तथा प्रदेशसभाका उम्मेदवारहरूको छनौट, प्रक्रिया र मापदण्डका बारेमा छलफलका लागि विषय प्रस्ताव गरियो ।

भारत प्रवासको कामलाई व्यवस्थित गर्न नियमावली निर्माणका लागि स्थायी कमिटी सदस्य एवं संगठन विभाग प्रमुख क. खगराज अधिकारीको संयोजकत्वमा स्थायी कमिटी सदस्य क. राजन भट्राई, केन्द्रीय कमिटी सदस्यद्धय क. रमेश बडाल र क. हरि घिमिरे रहेको कार्यदल बैठकले गठन

गरेको छ । त्यस्तै प्रतिष्ठान सञ्चालन कार्यविधि निर्माणका लागि स्थायी कमिटी सदस्य एवं संगठन विभाग प्रमुख क. खगराज अधिकारीको संयोजकत्वमा पोलिट्ब्यूरो सदस्य क. सीता गिरी र केन्द्रीय सदस्य क. रमेश बडाल सदस्य रहेको कार्यदल गठन भएको छ ।

बैठकले केन्द्रीय कमिटीमा मनोनित भएका केन्द्रीय सदस्यहरूलाई जिम्मेवारी तोकेको छ । जसअनुसार केन्द्रीय सदस्यहरू क. धर्मदत्त देवकोटालाई बागमती प्रदेशको सहईञ्चार्ज, क. जीवन गौतमलाई लुम्बिनी प्रदेशको सहईञ्चार्ज, क. ब्रिजेशकुमार गुप्तालाई लुम्बिनी प्रदेशको सहईञ्चार्ज र क. अमृत राजबंशीलाई झापा जिल्ला सहईञ्चार्जको जिम्मेवारी तोकिएको छ ।

बैठकमा अध्यक्ष कमरेडद्धारा प्रस्तुत राजनीतिक प्रतिवेदनमाथि छलफल गर्न दशवटा समूह विभाजन गरिएको छ । जसअनुसार प्रदेश १, मधेस प्रदेश, बाग्मती प्रदेशसहित सम्पर्क समन्वय, उपत्यका विशेष, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश, जनसंगठन तथा प्रवास र केन्द्रीय विभाग रहेका छन् । समूहगत छलफल आजैदेखि शुरू भएको छ ।

बैठकले निर्वाचन घोषणापत्र मस्यौदा कार्यदल, केन्द्रीय निर्वाचन परिचालन कमिटी, केन्द्रीय सल्लाहकार परिषद र केन्द्रीय सदस्यहरूमा मनोनयन, केन्द्रीय विभागका सचिवहरूको मनोनयनलगायत सचिवालयबाट गरिएका निर्णयहरू अनुमोदन गरेको छ । साथै स्थानीय तह विकास विभागको निर्देशिका र नीति अनुसन्धान प्रतिष्ठानको कार्यविधि अनुमोदन भएको छ ।

केन्द्रीय कमिटीको बैठक भोलि भदौ ११ गते पार्टी केन्द्रीय कार्यालय च्यासल, ललितपुरमा बिहान १० : ३० बजे बस्नेछ ।

**गगन विष्ट**
सचिव
केन्द्रीय प्रचार तथा प्रकाशन विभाग